निर्णय नं. ....

प्रसौनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्वावलाइ कार्यान्वन गर्न बनेको विधेयक आर्थिक ऐन, २०८२ पारित गर्ने निर्णय गरियो ।

# प्रसौनी गाउँपालिकाको

# आर्थिक ऐन, २०८२

## प्रसौनी गाउँपालिका प्रसौनी बारा ।

गाउँसभा बाट स्वीकृत भएको मिति :- २०८२/०३/०२

## अनुसूची ६
**(दिग्दर्शनको दफा ५.५.३ संग सम्वन्धित)**

**स्थानीय तहको आर्थिक ऐन**

# प्रसौनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति :- २०८२।०३।०२

**प्रस्तावनाः** प्रसौनी गाउँपालिका/नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ऐन प्रसौनी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "प्रसौनी गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि प्रसौनी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

४. **घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. **व्यवसाय कर :** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत बिना गाउँपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

६. **जडिबुटी, कबाडी र जीवजन्तु कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनसूची (५) बमोजिम जडिबुटी, कबाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ।

*स्पष्टीकरण:* यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको बिल वा बीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्भनु पर्दछ र गाउँपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **सवारी साधन कर :** (१) गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउने छ। तर ठेला, टाँगा, रिक्सा र विद्युतीय रिक्सामा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन कर :** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाँउ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

९. **मनोरञ्जन कर :** (१) गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम गाउँपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

**१०. बहाल बिटौरी शुल्क :** (१) गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,
(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,
(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि गाउँपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोबारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउपत्र वा डाँक बढावढको माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ्ग शुल्क :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (१०) मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुर :** (१) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,
(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,
(च) गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,
(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(२) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइने छ ।

(३) दफा (१) र (२) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भए बमोजिम हुनेछ ।

**१३. बिक्री तथा निकासी शुल्क :** (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१२) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ ।

**१४. एम्बुलेन्स सेवा शुल्क :** यस प्रसौनी गाउँपालिकाद्धारा संचालित एम्बुलेन्सको सेवा शुल्क यस ऐनको अनुसुचि-(१३) बमोजिम हुनेछ ।

**१५. घरजग्गा रजिष्ट्रेशन शुल्क :** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईने छ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन गाउँपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१६. दण्ड जरिवाना :** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१७. कर छुट :** (१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरणः* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँ सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक गाउँपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना वा छुट दिइनेछैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१८. प्रशासकीय पुनरावलोकन र पुनरावेदन :** (१) गाउँपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले अध्यक्ष/प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) गाउँपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदताालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

**१९. ठेक्का आह्वान गर्न सक्ने :** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) गाउँपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

**२०. सहयोग गर्नुपर्ने :** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**२१. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ ।

**२२. कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

**२३. प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**अनुसूची १**

(ऐनको दफा २ को उपदफा (२) संग सम्बन्धित)

## सम्पत्ति करको दर

| क्र.स. | कर योग्य एकीकृत सम्पत्तिको मुल्य | आगामि आ.व. २०८२।०८३ को लागि प्रस्तावित दर (वार्षिक) |
|---|---|---|
| १. | दशलाख रुपैया सम्म | प्रति लाख रु. ५ |
| २. | एघार लाख देखि १ करोड सम्म | प्रति लाख रु. ७ |
| ३. | १ करोड भन्दा माथि | प्रति लाख रु. १० |
| | **सम्पत्ति मुल्याङ्कन** | |
| | सम्पत्ति मुल्याङ्कन | प्रति हजार रु. ०.२५ (पचिस पैसा मात्र) |
| | **जग्गा मुल्याङ्कन** | |
| | **जग्गा मुल्याङ्कन** | प्रति हजार रु. ०.२५ (पचिस पैसा मात्र) |

नोटः मुल्याङ्कन रकमलाई रु. लाखमा (Round Figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

## भौतिक संरचनाको वर्गीकरण

| क्र.सं. | घरको वनावट | दर (प्रति वर्ग फिट) |
|---|---|---|
| १ | भित्र काँचो बाहिर पाको ईटामा जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता झिंगटी, टायल, एस्वेस्टसको छाना भएको घर) | ५००।- |
| २ | भित्र बाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाइ भई भित्र बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि. वा आर.वि.सी.) गरिएको वा जस्ता, टायल, झिंगटी, एसवेस्टसको छाना भएको घर | ६००।- |
| ३ | भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि.) गरिएको घर | १,५००।- |
| ४ | आर.सि.सि. फ्रेम स्टक्चरमा लिफ्ट एस्कलेटर जडान भएको घर | २,५००।- |
| ५ | स्टील फ्रेम स्ट्रक्चर, फ्रविडट्रस, फरवर वा यस्तै संचरना | १,२००।- |
| ६ | काँचो ईटा वा माटोको गाह्रो वा बाँस वा काठको टाटी भै फुस, छवाली,खर, पराल र जस्ता वा टीनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको | ० |

**नोटः**

क) जिल्ला मालपोत कार्यालयको न्युनतम मुल्य निर्धारण समितिले तोकेको दररेट अनुसार जग्गाको न्युनतम मुल्य कायम हुनेछ।

ख) काँचो ईटा वा माटोको गाह्रो वा बाँस वा काठको टाटी भै फुस, छवाली, खर, पराल र जस्ता वा टीनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मुल्याङ्कन गरिने छैन्।

**अनुसूची २**

(ऐनको दफा ३ संग सम्बन्धित)

## भूमीकर (मालपोत) को दर

| क्र.सं. | जग्गा | प्रति कठ्ठा रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | व्यापारिक, व्यवसायिक जग्गा | १२५।- | |
| २ | अन्य जग्गा सबै | १०।- | |
| ३ | बक्यौता | साविक बमोजिम | |
| ४ | सेवा ट्रस्ट | ५०।- | |

**अनुसूची ३**

(ऐनको दफा ४ को उपदफा (२) संग सम्बन्धित)

## घर जग्गा बहाल करको दर

| घर जग्गा | वार्षिक |
|---|---|
| घर, पसल ग्यारेज, गोदाम, सेड, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक रुपमा बहाल वा भाडामा व्यापारिक, व्यवसातिक र कार्यालय प्रयोजनका लागि दिइएकोमा बहाल रकमको | १० प्रतिशत |
| घर आवास प्रयोजनका लागि सम्बन्धित घर धनीबाट बहाल रकमको | ५ प्रतिशत |
| जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा कृषि प्रयोजनका लागि भाडामा दिइएकोमा बहाल रकमको | २ प्रतिशत |

**अनुसूची ४**

(ऐनको दफा ५ को उपदफा (३) संग सम्बन्धित)

## व्यवसाय कर तथा इजाजत (दर्ता तथा नविकरण) दस्तुरको दर

| क्र.स. | व्यवसायको किसिम | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता दस्तुर | नविकरण दस्तुर | |
| १ | रु. १ लाख सम्मका व्यवसायहरु | ५०० | ५०० | |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका व्यवसायहरु | १००० | ५०० | |
| ३ | रु. ५ लाख देखि रु.१० लाख सम्मका व्यवसायहरु | १५०० | १००० | |
| ४ | रु. १० लाख देखि रु.२० लाख सम्मका व्यवसायहरु | २००० | १००० | |
| ५ | रु. २० लाख देखि रु.५० लाख सम्मका व्यवसायहरु | २५०० | १५०० | |
| ६ | रु. ५० लाख देखि रु.१ करोड सम्मका व्यवसायहरु | ५००० | २५०० | |
| ७ | रु. १ करोड देखि रु.१० करोड सम्मका व्यवसायहरु | ७००० | ४००० | |
| ८ | रु. १० करोड भन्दा माथिका व्यवसायहरु | ५०००० | २५००० | |
| १० | “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र | ८००० | ४००० | |

| नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तिय संस्थाहरु | | | | |
|---|---|---|---|---|
| १ | “क” वर्ग | १५००० | ७५०० | |
| २ | “ख” वर्ग | १२००० | ६००० | |
| ३ | “ग” वर्ग | १०००० | ५००० | |
| ४ | “घ” वर्ग वा अन्य | ८००० | ४००० | |

| निजि शैक्षिक संस्था | | | | |
|---|---|---|---|---|
| १ | क्याम्पस स्तर | १५००० | ८००० | |
| २ | मा.वि. स्तर | १२००० | ७००० | |
| ३ | नि.मा.वि. स्तर | १०००० | ५००० | |
| ४ | प्रा.वि. स्तर | ८००० | ४००० | |

**नोट :**

- व्यवसाय नविकरण प्रत्येक वर्ष गराउनु पर्नेछ ।
- नयाँ व्यवसाय दर्ता गर्दा मात्र दर्ता दस्तुर लाग्ने र तत् पश्चात् नविकरण दस्तुर मात्र तिर्नुपर्नेछ ।
- नविकरण गर्न बाँकी रहेको व्यवसाय इजाजत पत्रको नविकरण दस्तुर लिई मात्र नविकरण गर्ने ।
- बालुवा/गिट्टी/ढुङ्गा/मिक्स ग्रेभल प्रशोधन गरि निकासी गरे वापत ट्रेक्टरमा प्रति ट्रिप रु. १०० र टिपरमा प्रति ट्रिप रु. २०० लाग्नेछ ।

**अनुसूची ५**

(ऐनको दफा ६ को उपदफा (१) संग सम्बन्धित)

## जडिबुटी, कबाडी, जीवजन्तुमा लाग्ने करको दर

**धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने कबाडी सामानहरुमा निम्न बमोजिम लाग्ने करको दर**

| क्र.सं. | राजस्वको क्षेत्रहरु | इकाई | दर रु. |
|---|---|---|---|
| १ | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | के.जी. | २।- |
| २ | पोलिथिन पाइपका टुक्रा | के.जी. | २।- |
| ३ | सिसा (लिडको धुलो वा टुक्रा) | के.जी. | २।- |
| ४ | काँचको धुलो र टुक्रा | के.जी. | २।- |
| ५ | जिंक | के.जी. | ५।- |
| ६ | झिण्डु | के.जी | २।- |
| ७ | जलेको मोबिल | के.जी. | ०.२५ |
| ८ | अन्य धातु (पित्तल, तामा, आदि) | के.जी. | २।- |

**प्रचलित कानूनले निषेधित गरे बाहेकका पंछिहरुको प्वाँख तथा मरेका वा मारिएका पशुको हाड, सिंग, खुर तथा छालामा निम्न बमोजिम लाग्ने करको दर**

| क्र.सं. | राजस्वको क्षेत्रहरु | इकाई | दर रु. |
|---|---|---|---|
| १ | पंछिहरुको पंखा | के.जी. | २।- |
| २ | हाड | के.जी. | १।- |
| ३ | सिंग | के.जी. | २।- |
| ४ | खुर | के.जी. | २।- |
| ५ | छाला ठूलो | गोटा | ३०।- |
| ६ | छाला सानो | गोटा | १५।- |

**अन्य कबाडी मालसमानमा निम्न बमोजिम लाग्ने करको दर**

| क्र.सं. | विवरण | इकाई | दर रु. |
|---|---|---|---|
| १ | खालि सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | गोटा | ०.१५ |
| २ | खालि सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | गोटा | ०.२५ |
| ३ | प्लाष्टिक बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालन र जर्किन आदि | के.जी. | १।- |
| ४ | खालि बोरा | | |
| क | ५० के.जी. सम्म खाद्यान्न अट्ने प्लाष्टिक बोरा | गोटा | ०.२५ |
| ख | ५० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा | गोटा | ०.५ |

| | | | |
|---|---|---|---|
| ग | १०० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा | गोटा | १।- |
| ५ | तेलको टिन | | |
| क | १० लिटर भन्दा बढी अटाउने ठुलो | गोटा | १।- |
| ख | १० लिटर भन्दा बढी अटाउने सानो | गोटा | ०.५ |
| ग | थोत्रो टिन लगायतको कबाडी सामान | के.जी. | १।- |
| घ | पुरानो ड्रम | गोटा | १०।- |
| ङ | पुराना कागज, अखबार, न्युज प्रिन्ट | के.जी. | १।- |
| च | पुराना अन्य कागज कार्टुन समेत | के.जी. | १।- |
| छ | तेल प्रशोधन पश्चात निस्किने माटो | के.जी. | ०.५ |
| ज | भुस (ढुटो, चोकर, दालको भाव, भुसि, अकडि, कनिका, पिना) ब्राण्ड | के.जी. | ०.०५ |
| झ | पुराना ब्याट्री | पिस | ५।- |
| ञ | पुराना ब्याट्रीका क्रस्ड टुक्रा | के.जी. | ०.४ |
| ट | काठका भुस तथा भेनियरका स्क्रेप टुक्राहरु | के.जी. | ०.१ |

**अनुसूची ६**

(ऐनको दफा ७ को उपदफा (२) संग सम्बन्धित)

## सवारी साधन करको दर

| क्र.सं. | सवारी साधन | रकम रु. |
| --- | --- | --- |
| १ | ई रिक्सा, रिक्सा, ठेला दर्ता शुल्क | १०००।- |
| २ | ई रिक्सा, रिक्सा, ठेला नवीकरण शुल्क | ५००।- |
| ३ | ई रिक्सा, रिक्सा, ठेला नामसारी शुल्क | १०००।- |
| ५ | रुट परमिट जारी शुल्क | ५००।- |
| ६ | रुट परमिट नवीकरण शुल्क | २५०।- |

## सवारी साधन प्रयोग गरी कारोवार गर्ने करको दर

| क्र.सं. | सवारी साधन (एरिया लोडिङ्ग र अनलोडीङ्ग) | इकाई | दर रु. |
| --- | --- | --- | --- |
| १ | ट्रक र टेंकर | प्रति ट्रिप | ५०।- |
| २ | ट्रेक्टर | प्रति ट्रिप | २५।- |
| ३ | विदेशी सवारी | प्रति ट्रिप | २००।- |

**अनुसूची ७**

(ऐनको दफा ८ को उपदफा (१) संग सम्बन्धित)

## विज्ञापन करको दर

| क्र.सं. | शिर्षक | दर रु. |
| --- | --- | --- |
| **क.** | **होर्डिङ्ग बोर्ड, वाल पेन्टिङ व्यापारीक प्रयोजनार्थ** | |
| १ | बिज्ञापन बोर्ड १० स्क्वायर फिट सम्मका लागि प्रति स्क्वायर फिट | २५।- |
| २ | बिज्ञापन बोर्ड २० स्क्वायर फिट सम्मका लागि प्रति स्क्वायर फिट | ३५।- |
| ३ | बिज्ञापन बोर्ड ४० स्क्वायर फिट सम्मका लागि प्रति स्क्वायर फिट | ४०।- |
| ४ | बिज्ञापन बोर्ड ५० स्क्वायर फिट देखि माथिका लागि प्रति स्क्वायर फिट | ५०।- |
| | फ्ल्याक्स ब्यानरमा १० स्क्वायर फिट सम्मलाई प्रति स्क्वायर फिट | ८०।- |
| **ख.** | **ब्यानर** | |
| १ | सार्वजनिक स्थानमा व्यानर प्रतिमिटर १५ दिनका लागि प्रतिदिन | ५०।- |

**नोटः**

क. १०० स्क्वायर फिट भन्दा ठुला साईजको विज्ञापन बोर्ड राख्न पाईने छैन।

ख. नेपाल सरकार वा जनचेतना मुलक होर्डिङ बोर्ड र माईकिंगमा विज्ञापन कर लाग्ने छैन।

ग. गाउँपालिकामा दर्ता भएका व्यवसायले अधिकतम ३x२.५ फुटको होर्डिङबोर्ड आफ्नो व्यवसाय स्थलमा निशुल्क राख्न सक्नेछ।

**अनुसूची ८**

(ऐनको दफा ९ को उपदफा (१) संग सम्बन्धित)

## मनोरञ्जन करको दर

| क्र.सं. | शिर्षक | दर रु. |
|---|---|---|
| १ | जादु, चटक, सर्कस र रमाईलो मेला तिन महिना सम्म प्रति दिन | ५००।- |
| २ | जादु, चटक, सर्कस र रमाईलो मेला तिन महिना पश्चात् प्रति महिना | ५,०००।- |
| ३ | चलचित्र हल. महोत्सव तथा प्रदर्शनी, साँस्कृतिक प्रदर्शन | प्रति टिकट ५ प्रतिशत |

**अनुसूची ९**

(ऐनको दफा १० को उपदफा (१) संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर

**सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण**

| सि.नं. | विवरण | दर रु. (प्रति दिन) |
|---|---|---|
| १ | ५ फिट क्षेत्रफलको पसल | २० |
| २ | टोकरी/दौरा | १० |
| ३ | साइकलको टोकरी/दौरा | १० |
| ४ | ठेला | १० |
| ५ | चटी बोरा | १० |
| ६ | माछा पसल (ठुला) | ४० |
| ७ | माछा पसल (सानो) | १० |
| ८ | मासु पसल (खसी) | ५० |
| ९ | मासु पसल (कुखुरा) | २५ |
| १० | माटाका भाडा पसल | निशुल्क |
| ११ | कपडा पसल | २५ |
| १२ | फलफुल/तरकारी पसल | १५ |
| १३ | जुता चप्पल सिलाई पसल | ५ |
| १४ | नास्ता तथा मिठाई पसल | २० |

**अनुसूची १०**

(ऐनको दफा ११ को उपदफा (१) संग सम्बन्धित)

## पार्किङ शुल्कको दर

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|
| १ | मोटरसाइकल, स्कुटर जन्य सवारी साधन | १०।- |
| २ | प्राईभेट कार, जीप, भ्यान जन्य सवारी साधन | २०।- |
| ३ | बस, मिनिबस, ट्रक, ट्रेक्टर जन्य सवारी साधन | ३५।- |
| ४ | साईकल | ५।- |
| ५ | विदेशी नम्बर प्लेटका सवारी साधन | १००।- |

**अनुसूची ११**

(ऐनको दफा १२ को उपदफा (१), (२) र (३) संग सम्बन्धित)

## सेवा शुल्क, दस्तुरको दर

| क्र.सं. | सेवा वा व्यवसायको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| **(क)** | **सेवा शुल्क** | | |
| १. | अमिन खटाए वापतको सेवा शुल्क (प्रति कित्ता) | २००० | |
| | अमिन खटाए वापतको सेवा शुल्क (व्यवसायिक प्रयोजन) (प्रति कित्ता) | ३००० | |
| २. | वडाबाट घरबाटो यकिन गर्न सिफारिस आएमा अमिन खटाए वापतको सेवा शुल्क (प्रति कित्ता) | २००० | |
| ३. | सहकारी संस्था, क्लब तथा अन्य संस्थाको दर्ता शुल्क | १००० | |
| | सहकारी संस्था, क्लब तथा अन्य संस्थाको नविकरण शुल्क | ५०० | |
| | सहकारी संस्था, क्लब तथा अन्य संस्थाको विवरण हेरफेर गरे वापतको शुल्क | ५०० | |
| ४. | कृषक समूह दर्ता शुल्क | ५०० | |
| | कृषक समूह नविकरण शुल्क | ५०० | |
| | रासायनिक मल विक्रेता प्रमाणपत्र दर्ता शुल्क | १००० | |
| | रासायनिक मल विक्रेता प्रमाणपत्र नविकरण शुल्क | ५०० | |

**(ख)** **सिफारिस तथा दस्तुर**

**(१) चारकिल्ला तथा घरबाटो प्रमाणित**

| | जग्गाको क्षेत्रफल | कालोपत्र/ढलानले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटोले छोएको | बाटो नभएको |
|---|---|---|---|---|---|
| | ० देखि २ कट्ठा सम्म | १५० | १२५ | १०० | ५० |
| | २ कट्ठा देखि ५ कट्ठा सम्म | २०० | १५० | १२५ | १०० |
| | ५ कट्ठा देखि १० कट्ठा सम्म | २५० | २०० | १५० | १२५ |
| | १० कट्ठा देखि माथि | ३५० | २५० | २०० | १५० |

| (२) अन्य दस्तुर, शुल्क, करहरु | | | | |
|---|---|---|---|---|
| **क.सं** | **दस्तुर, शुल्क, करको शिर्षक** | **रकम रु.** | **रकम रु. (अक्षरेपी)** | **कैफियत** |
| | **नक्सापास दस्तुर** | | | |
| | आवासीय घर (प्रति वर्गफिट) | ५ | पाँच | |
| | व्यवसायीक घरको सेड/Frame Structure निर्माण (प्रति वर्गफिट) | ७ | सात | |
| | उद्योग सेड/Frame Structure निर्माण (प्रति वर्गफिट) | ८ | आठ | |
| | पर्खाल (प्रति रनिङ्ग मिटर) | ५ | पाँच | |
| | नक्सापास पुस्तक | १००० | एक हजार | |
| | नक्सापास नामसारी | २००० | दुई हजार | |
| | घर कायम सिफारिस | १००० | एक हजार | |
| | **खानेपानी धारा जडान गर्दा सडक बाटो फोड्नु परे वापत शुल्क** | | | |
| | कालोपत्रे सडक फोड्न परेमा | ५००० | पाँच हजार | मर्मत गर्नुपर्ने |
| | ढलान सडक फोड्न परेमा | ५००० | पाँच हजार | |
| | ग्रेवल सडक फोड्न परेमा | ५०० | पाँच सय | |
| | **सिफारिस तथा अन्य दस्तुरहरु** | | | |
| | नागरिकता प्रतिलिपि सिफारिस | १०० | एक सय | |
| | अंगीकृत नागरिकता सिफारिस | १०० | एक सय | |
| | बैवाहिक अंगीकृत नागरिकता सिफारिस | १०० | एक सय | |
| | नाता प्रमाणित (अनुसूचि अनुसार) | १०० | एक सय | |
| | नाता प्रमाणित (विदेश प्रयोजन) | २५० | दुई सय पचास | |
| | विदेश प्रयोजनको लागि गरिने सिफारिस | २५० | दुई सय पचास | |
| | स्थायी वा अस्थायी बसोबास सिफारिस | १०० | एक सय | |
| | लालपुर्जा प्रतिलिपि (फोटो टाँस) सिफारिस | १०० | एक सय | |
| | मिलापत्र दुवै पक्षबाट | ५०० | पाँच सय | |
| | बकस पत्र सिफारिस | २५० | दुई सय पचास | |
| | बकस पत्र सिफारिस (महिला) | २०० | दुई सय | |
| | अंश बण्डा सिफारिस | २५० | दुई सय पचास | |
| | उद्योग/व्यवसाय सम्बन्धि सिफारिस | ५०० | पाँच सय | |

| | | | | |
|---|---|---|---|---|
| | काठ सिफारीस (निजि आबादि) | १०० | एक सय | |
| | काठ सिफारिस (कुकाठ गोलीया) | १०० | एक सय | |
| | काठ सिफारिस (कुकाठ दाउरा) | १०० | एक सय | |
| | काठ सिफारिस (साल, सिसौं दाउरा) | १०० | एक सय | |
| | काठ सिफारिस (साल, सिसौं गोलिया) | ५०० | पाँच सय | |
| | संघ, संस्था, फर्म, व्यवसाय सूचिकृत | ५०० | पाँच सय | |
| | छुट जग्गा सिफारिस प्रति कठ्ठा बजार क्षेत्र (हाईवे दायाबाया ५०० मिटर) | १००० | एक हजार | |
| | छुट जग्गा सिफारिस प्रति कठ्ठा बजार क्षेत्र (हाईवे दायाबाया ५०० मिटर बाहेकको) | २५० | दुई सय पचास | |
| | घरको ताला खुलाउने दस्तुर | २०० | दुई सय | |
| | बन्दूक नविकरण सिफारिस | ५०० | पाँच सय | |
| | मोठ श्रोस्ता सिफारिस | १०० | एक सय | |
| | पेन्सन सिफारिस स्वदेश | १०० | एक सय | |
| | पेन्सन सिफारिस भारत | २०० | दुई सय | |
| | पेन्सन सिफारिस तेस्रो मुलुक | ५०० | पाँच सय | |
| | पेन्सन नामसारी स्वदेश | १०० | एक सय | |
| | पेन्सन नामसारी भारतीय | २०० | दुई सय | |
| | पेन्सन नामसारी तेस्रो मुलुक | ५०० | पाँच सय | |
| | निजी जग्गाबाट माटो बेचबिखन गर्दा सिफारीस | ५०० | पाँच सय | |
| | संघ संस्था दर्ता वा नविकरण सिफारिस | १०० | एक सय | |
| | कक्षा ८ को मार्कसिटको प्रतिलिपि | १०० | एक सय | |
| | न्यायिक समितिको निवेदन दर्ता | ५० | पचास | |
| | अन्य कुनै सिफारिस | १०० | एक सय | |
| **मोही लगत कट्टा सिफारिस** | | | | |
| | मोही लगत कट्टा १ विगाहा सम्म | २५० | दुई सय पचास | |
| | १ विगाहा भन्दा माथी ५ विगाहा सम्म | ५०० | पाँच सय | |
| | ५ विगाहा भन्दा माथी | १००० | एक हजार | |
| | मोही नामसारी | १०० | एक सय | |
| **घडेरी प्लटिङमा नयाँ बाटा खोल्न लगत कट्टा गर्दाको सिफारिस** | | | | |
| | ० देखी १० कट्टा सम्म | १००० | एक हजार | |
| | १० कट्टा देखि माथि | २५०० | दुई हजार पाँच सय | |

| | | | | |
|---|---|---|---|---|
| | प्लानिङ्ग बाहेक बिगत देखी सार्वजनिक प्रयोगका लागी बनेका बाटाहरुमा | १०० | एक सय | |
| **आय श्रोत प्रमाणित सिफारिस** | | | | |
| | आय श्रोत प्रमाणित (प्रतिलाख) | २० | बिस | |
| **घर जग्गा नामसारी सिफारिस** | | | | |
| | ५ कठ्ठा सम्म | १०० | एक सय | |
| | ५-१० कठ्ठा सम्म | २०० | दुई सय | |
| | १०-१ विगाहा सम्म | ५०० | पाँच सय | |
| | १ विगाहा भन्दा माथी | ८०० | आठ सय | |
| **अपुताली सिफारिस** | | | | |
| | ५ कठ्ठा सम्म | ५०० | पाँच सय | |
| | ५-१० कठ्ठा सम्म | ७५० | सात सय पचास | |
| | १०-१ विगाहा सम्म | १००० | एक हजार | |
| | १ विगाहा भन्दा माथी | १५०० | एक हजार पाँच सय | |
| **उधोग तर्फ** | | | | |
| | ५ हर्ष पावर सम्म | १००० | एक हजार | 1 HP = 1.34 kVA |
| | १० हर्ष पावर सम्म | १५०० | एक हजार पाँच सय | |
| | १५ हर्ष पावर सम्म | २००० | दुई हजार | |
| | विस हर्ष पावर सम्म | २५०० | दुई हजार पाँच सय | |
| | पच्चिस हर्ष पावर सम्म | ४००० | चार हजार | |
| | तिस हर्ष पावर सम्म | ४५०० | चार हजार पाँच सय | |
| | पैतिस हर्ष पावर सम्म | ५००० | पाँच हजार | |
| | चालिस हर्ष पावर सम्म | ५५०० | पाँच हजार पाँच सय | |
| | चालिस हर्ष पावर देखी माथी | १०००० | दस हजार | |
| **विदेश प्रयोजनको लागि गरिने सिफारिस** | | | | |
| | जन्म मिति प्रमाणित | १०० | एक सय | |
| | विवाहित, अविवाहित प्रमाणित | १०० | एक सय | |
| | ठेगाना प्रमाणित | १०० | एक सय | |
| | चारित्रिक प्रमाणित | १०० | एक सय | |
| | नाम फरक सिफारिस | १०० | एक सय | |

| | | | | |
|---|---|---|---|---|
| | संसोधन सम्बन्धि | १०० | एक सय | |
| **स्वदेश प्रयोजनका लागि गरिने सिफारिस** | | | | |
| | जन्म मिति प्रमाणित | ५० | पचास | |
| | विवाहित, अविवाहित प्रमाणित | ५० | पचास | |
| | ठेगाना प्रमाणित | ५० | पचास | |
| | चारित्रिक प्रमाणित | ५० | पचास | |
| | नाम फरक सिफारिस | ५० | पचास | |
| | संसोधन सम्बन्धि | ५० | पचास | |
| **खानेपानी** | | | | |
| १. | नयाँ खानेपानी धारा जडान शुल्क | ३५०० | तिन हजार पाँच सय | |
| २. | खानेपानी न्यूनतम शुल्क प्रति महिना<br>नोट : न्यूनतम शुल्कमै अधिक्तम १०,००० (दश हजार) लिटर सम्म पानी उपल्बध गराईने छ । | १०० | एक सय | |
| | १०,००० (दश हजार) लिटर भन्दा बढी पानी खपत गर्ने ग्राहकको हकमा थप प्रति हजार लिटरको शुल्क | १५ | पन्ध्र | |
| ३. | पुरानो ग्राहकको मिटर जडान वा फेर्दाको शुल्क | २००० | दुई हजार | |
| | **नोटः** मेन लाईन देखी लाग्ने $\frac{1}{2}$ इन्च पाईप ग्राहकले खरिद गर्नु पर्नेछ । खानेपानी कार्यालयले शुरुमा एक पटक धारा जडान गरिसके पश्चात कुनै गड्बडी भएमा ग्राहकले आफ्नै तर्फबाट लाग्ने खर्च व्यहोर्नु पर्नेछ। | | | |
| **मसिनहरु** | | | | |
| १. | सक्सनमसिन (रिङ्गको लागी) | १२०० | एक हजार दुई सय | प्रसौनी गा.पा. भित्र लाई मात्र |
| २. | सक्सनमसिन (रिङ्ग बाहेक) | १५०० | एक हजार पाँच सय | |
| ३. | पानीटंकी (ट्रेक्टर बाहेक) | १००० | एक हजार | |
| ४. | पानीटंकी (ट्रेक्टर समेत) | ३००० | तिन हजार | |

**नोट :**

- गा.पा. अध्यक्षको सिफारिसमा दररेटमा समन्वय गरिनेछ ।
- सक्सन मसिनमा खटिने स्वीपर ड्राईभरलाई खाजा स्वरुप प्रतिटीप रु ३००।- (तिन सय) को दरले संकलन भएको रकम मध्ये उपलब्ध गराईनेछ ।

**अनुसूची १२**

(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)

## बिक्री तथा निकासी शुल्कको दर

| क्र. सं. | बिक्री तथा निकासी हुने वस्तु | दर (रकम रु.) | कैफियत |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री प्रति घनफिट : | | |
| | क) ढुंगा, गिट्टी र बालुवा | श्रोत नभएको | |
| | ख) माटो | रु.२ | |
| २. | आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने प्राकृतिक एवं खानीजन्य वस्तुको निकासी प्रति घनफिट : | श्रोत नभएको | |
| | क) ढुंगा, गिट्टी, बालुवा, | | |
| | ख) माटो | | |
| | ग) काठ दाउरा | | |
| | घ) जराजुरी | | |
| | ङ) स्लेट | | |

**अनुसूची १३**

(ऐनको दफा १४ को उपदफा (२) संग सम्बन्धित)

## एम्बुलेन्स सेवा शुल्क

| देखि | सम्म | रकम रु. |
|---|---|---|
| प्रसौनी बर्थिङ्ग सेन्टर | सुत्केरीलाई प्रसौनी गा.पा. वडा नं. १-७ सम्म घर पुर्याउने वा ल्याउने | निशुल्क |
| प्रसौनी गा.पा. वडा नं. १-७ | प्रसौनी गा.पा. भित्र | निशुल्क |
| प्रसौनी गा.पा. वडा नं. १-७ | बिरगंज वा कलैया | निशुल्क |
| प्रसौनी गा.पा. वडा नं. १-७ | अन्य कुनै ठाउँ | लाग्ने इन्धन खर्च |

**नोटः**

१) गरिब, असहाय बिरामीहरुलाई तथा बर्थिङ्ग सेन्टरबाट रिफर गरिएको गर्भवती महिलालाई गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष ज्यूको सिफारिसमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

२) एम्बुलेन्समा बिरामी बाहेक दुई जना सम्म कुरुवा चढन पाइनेछ र बढी भएमा चालकको अनुमति अनुसार चढन पाइनेछ।

३) एम्बुलेन्स संचालनको हकमा समय, परिवेश र परिस्थीतीको अधारमा गाउँपालिका अध्यक्षको निणर्यअनुसार निशुल्क गर्न सकिनेछ।